जि.प्र.का.द.नं. : ४८/२०७३/०७४
जि.हु.द.नं. : १/२०७४/०७५

साप्ताहिक
# जननिगरानी

व्यवसायीक पत्रकारीता लोकतन्त्रको आधार,
सम्वृद्ध र विकासको साझेदार
Jananigrani Weekly

वर्ष ६, अंक ४७ बैशाख ३१ गते आइतबार २०८०, 14 May Sunday 2023 नेपाल सम्वत ११४३, पृष्ठ ६ मूल्य रू. ८।-

जनप्रिय टेलर्स
JANAPRIYA TAILORS
बागलुङ बजार
प्रो. सुजन परियार
मो. ९८४७६५३५५१
सुट स्पेशलिष्ट
विवाह एवं अफिसियल बैकिङ्ग कोट, पाइन्ट, सर्ट डिजाइनमा सिलाउने एवं रेडीमेट कोट पाइन्ट पाइने ठाउँ । ब्रान्डेड कपडा Raymond, O.C.M., Digjam Vimal. Siyarns एवं Original कटराई पाइने ठाउँ । सबै बोर्डिङ, स्कुलका ड्रेस सिलाई एवं लेडिज कुर्था सुरुवाल पिस एवं थानको कुर्था सुरुवाल फेसनेवल सिलाउनुका सथै बिक्री गर्ने ठाउँ ।

## बाँझो जमिनमा फलफुल खेती गर्दै तमानखोला

**जननिगरानी संवाददाता**
**बागलुङ**



पछिल्लो समय दैनिक सयौं युवापुस्ताहरु रोजगारीको लागि विदेश पलायन भइरहेका छन् । बैदेशिक रोजगारीमा जाने र बाँकी भएकाहरु पनि सहर तिर झर्ने क्रम बढेपछि गाउँका खेतीयोग्य जमिनहरु वनमाराले ढाकिँदै गएका छन् ।

बागलुङको तमानखोलाले खेती योग्य जमिनलाई पुनः प्रयोगमा ल्याउन र स्थानीयहरुलाई गाउँमै आयआर्जनसँग जोड्न फलफुल खेती गर्न थालेको छ । गाउँपालिकाले चालु आर्थिक वर्ष २०७९/०८० मा बाँझो रहेका जमिनमा फलफूलका विरुवा लगाउन थालेको गाउँपालिकाका अध्यक्ष जोकलाल बुढाले बताउनुभयो । उहाँले गाउँघरमा जग्गा बाँझो राखेर राजगारी र सुविधाको लागि शहर झर्ने स्थानीयहरुलाई गाउँमै स्वरोजगार बनाउनको लागि फलफूल खेतीमा जोड्न लागेको बताउनुभयो ।

तमानखोलामा यस वर्ष ओखर, स्याउ, उन्नत प्रजातिका आरु र किवीका विरुवाहरु लगाइएको छ । गाउँपालिका अध्यक्ष बुढाका अनुसार चालु आवमा वडा नम्बर ४ मा फलफूलका एक हजार पाँच सय विरुवा लगाइएको बताउनुभयो । 'पालिकाले कृषकलाई फलफूल खेती तर्फ आर्कषित गर्नको लाग ५० प्रतिशत अनुदानमा फलफुलका विरुवा उपलब्ध गराइएको हो,' अध्यक्ष बुढाले भन्नुभयो,'पहिलो चरणमा गाउँका खाती खेतीयोग्य जमिनमा ओखर, स्याउ, आरु र किवीका विरुवाहरु लगाइएको छ ।'

> उहाँले पहिलो चरणमा हिउँदे सिजनका फलफुलका विरुवा उपलब्ध गराइएको र जेठ महिनामा बर्खे सिजनमा लगाउने फलफूलका विरुवा कृषकलाई उपलब्ध गराउने बताउनुभयो ।

व्यवसाय दर्ता गरेर व्यवसायीक कृषि गरिरहेका ४० जना कृषकले फलफुलका बिरुवा व्यवसायीक रुपमा उत्पादन गर्ने गरि व्यक्तित बारीमा लगाएको अध्यक्ष बुढा मगरको भनाई छ । कृषि प्राबिधिकद्वारा माटो परीक्षण गरि बाँझो जमिनमा बिरुवा लगाइएको उहाँले बताउनुभयो ।

तमानखोलाले हिउँदे र बर्खे गरि दुई सिजनमा विरुवा उपलब्ध गराउने गरी बजेट विनियोजित गरेको गाउँपालिका कृषि शाखा प्राविधिक सन्देश पराजुलीले बताउनुभयो । उहाँले पहिलो चरणमा हिउँदे सिजनका फलफुलका विरुवा उपलब्ध गराइएको र जेठ महिनामा बर्खे सिजनमा लगाउने फलफूलका विरुवा कृषकलाई उपलब्ध गराउने बताउनुभयो ।

गाउँपालिका अध्यक्ष बुढाले गाउँमा बसाई सराई रोक्न र गाउँमै रोजार सिर्जना गर्नका लागि अभियानको सुरुवात गरेको बताउनुभयो । 'यस वर्षदेखि बाँझो जमिनलाई उपयोग गरेर वडा नम्बर ४ मा फलफूलका विरुवा लगाएका छौं,' अध्यक्ष बुढाले भन्नुभयो,'अर्को वर्षदेखि पालिका भरी नै लगाउने

.............बाँकी ६ पेजमा

## ढोरपाटनमा १२ नाउर र छ झारलको शिकार

**जननिगरानी संवाददाता**
**बागलुङ**



ढोरपाटन शिकार आरक्षमा यस आर्थिक वर्षको दोस्रो याममा १२ नाउर र छ झारलको शिकार भएको छ ।

ढोरपाटन शिकार आरक्षमा राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागले दोस्रो शिकार यामको लागि १२ नाउर र नौं वटा झारलको कोटा निर्धारण गरेको थियो । तर, दोस्रो याममा कोटाभन्दा तीन वन्यजन्तुको कम शिकार भएको छ । हिमालयन सफारिज प्रा.लि.बाट आएका तीन विदेशी शिकारीले यस पटक निर्धारित कोटा भन्दा तीन वटा झारलको शिकार गर्न नसकेको ढोरपाटन शिकार आरक्षका प्रमुख संरक्षण अधिकृत विरेन्द्र कंडेलले बताउनुभयो ।

प्रमुख संरक्षण अधिकृत कंडेलले दोस्रो याममा नेपाल वाईल्ड लाईफ एडभेन्चर आउटफिटरस मार्फत अमेरीकी नागरिक स्टेफेन मार्क भानले फागुने ब्लकमा एक नाउर र एक झारलको शिकार गरेको जानकारी दिनुभयो । यस्तै हिमालयन वाईल्डलाईफ आउटफिटर्समार्फत अमेरिकी नागरिक चार्ल्स हेरोल्ड वेकलले बार्से ब्लकमा एक नाउर, ट्राक्स ऐन ट्रेल्स प्रा.लि.मार्फत क्यानेडियन नागरिक ब्राएन एडम हुकले घुस्तुङ्गमा एक नाउर र एक झारल, ग्लोबल सफारिज मार्फत हंगेरियन नागरिक मिस्टर जेसोल्ट डेनिस कुटसले घुस्तुङ्ग ब्लबमा एक

.............बाँकी ६ पेजमा

Dhaulagiri Modern
& Midari Language Institute
Ba.na.pa.-2, Baglung
हाम्रो सेवाहरु
- Bridge Course
- लोकसेवा आयोग
- Computer Course
- सिप मुलक तालिम
- English Language
- जापानिज भाषा
- IELTS Class
- कोरियन भाषा
- दक्ष तथा अनुभवि प्रशिक्षकद्वारा अध्यापन गराईने ।
- स्वच्छ, शान्त, विद्यार्थी मैत्री वातावरणमा अध्यापन गराईने ।
- समय समयमा सम्बन्धित विशेषज्ञद्वारा सेमिनार गराईने
- स्वच्छ पिउने पानीको ब्यवस्था ।
- विद्यार्थीहरूको लागि होस्टलको ब्यवस्था ।
- प्रत्येक कक्षामा सि.सि. क्यामेराको ब्यवस्था ।
- माध्यमबाट अध्यापन गराईने ।
- हरेक विषयको हेन्डस्आउट उपलब्ध गराउने ।
सम्पर्क नं.: ०६८-५२२६६७, ९८४६७९८८९७, ९८५७६७१४९५, ९८५७६३५०४१

सृष्टि इलेक्ट्रीक एण्ड मर्मत
जिपपार्क, बागलुङ
विजुलीका सम्पूर्ण समानहरु मिक्चर, राइसकुकर, हिटर, मोवाइल तथा विदेशी लाइटको चार्जर, क्यालकुलेटर, बिजुलीको तार, वल्व, होल्डर, सिंगल फेज, 3 फेज वायरिङ गर्नुपरेमा हामीलाई सम्झनुहोस् । साथै मोटर T.V., विदेशी लाइट, ग्याँस चुलो लगायत सम्पूर्ण सामानको मर्मत पनि गरिन्छ ।
प्रो. जीत बहादुर किसान
मो नं.: ९८६५३३५५७०, ९८१३००८४११
Selling Happiness
www.fewabazar.com
Online Shopping

के तपाई स्टुडेन्ट भिजामा जापान जाने चक्करमा हैरान हुनुभएको छ ?
के तपाईले जापान जाने चक्करमा धुप्रै लगानी गर्नुभएको छ ?
यदि त्यस्तो हो भने तपाईको जापान जाने सपना साकार पार्न हामी सघाउँछौं ।
Subarashii Language Institute
हाम्रा विशेषताहरू: काठमाडौं र पोखराको सफलतापछि अब बागलुङ बजारमा
- एस एल सी वा सो भन्दा माथिका स्टुडेन्टहरुको सजिलै अप्लाई गर्न सकिने ।
- तपाईले रोजको शहर तपाईले रोजेको कलेजमा अप्लाई गर्न सकिने
- अप्रिल, जुलाई, अक्टोबर तथा जनवरी चार वटै ईन्टेकमा अप्लाई गर्न सकिने ।
- प्लस टु वा प्लस टु पछि ग्याप भएको तथा जुनसुकै डिभिजनको स्टुडेन्टलाई पनि सजिलै अप्लाई गर्न सकिने
- न्युन खर्चमा अप्लाई गरिने । ✔ अनुभवी प्रशिक्षक द्वारा अध्यापन गराईने ।
शुभरासी ल्याङगुयज ईन्सचिच्युट
धौलागिरी चोक बागलुङ, (पञ्चकोट सुनचाँदि पसलको अगाडि)
सम्पर्क फोन नं. ०६८५२०३७३, ०६८५२०४५८, ९८४६८०७८७४, ९८४६८०३५००
तपाईको जापान जाने सपना, हाम्रो सपना
तपाईको सपना साकार पार्ने जिम्मा अब हाम्रो काँधमा

गुहेली सञ्चार सहकारी संस्था लिमिटेडद्वारा संचालित जननिगरानी साप्ताहिक

अध्यक्ष: खिमबहादुर कार्की
सम्पादक: नविन शिशिर वि.क.
अतिथि सम्पादक: दिल शिरीष
सह-सम्पादक: अर्जुन कार्की
कार्यालय: काँठेखोला गाउँपालिका-२, भीमापोखरा
सम्पर्क कार्यालय: बागलुङ नगरपालिका-२, बागलुङ
फोन नम्बर: ०६८-५२२०२४, ९८५७६२०३००, ९८५७६२५५५०
इमेल: Jananigrani.bgl@gmail.com
मुद्रण: नमुना छापाखाना,
बागलुङ नगरपालिका-३, बागलुङ

## सम्पादकीय

# नक्कली भुटानी शरणार्थीको मुख्य गिरोहलाई समाऊ

नेपाली नागरिकलाई भुटानी शरणार्थी बनाएर अमेरिका पठाउने भन्दै ठगी गरेको आरोप लागेका राज्याधिकारी एिवं राजनीतिकर्मीहरू माथि नेपाल सरकारले पक्राउ गरेपछि पछिल्लो समय भ्रष्टचारका फाइल खुलेको भन्दै जनताले सरकारलाई धन्यवाद ज्ञापन गरिरहेका छन् । नेपाल प्रहरी प्रशासनले नेपाली नागरिकलाई नक्कली भुटानी शरणार्थी बनाएर अमेरिका पठाइदिने भनेर ठगी गरेको आरोपमा बहालवाला सरकारी सचिवदेखि पूर्व र्गहमन्त्रीलाई पक्राउ गरेको छभने पूर्व उर्जा मन्त्रीलाई पक्राउ पुर्जी जारी गरेपछि फरार भएकाले खोजी कार्य गरिरहेको छ ।

देशमा भ्रष्टचारले ब्याप्त भइरहेको गुनासो बढिरहेको बेला सरकारी कर्मचारीदेखि राजनीतिक दलका नेताहरूसम्मको मिलेमलोमा सयौं नागरिकसित मोटो रकम उठाएको यस काण्डको फाइल गोलिनुले अब भ्रष्टचारीहरू कानुनी कारवाहीमा पर्ने भए भनेर जनतामा खुसी पैदा भएको छ । तह-तहका बिचौलियादेखि समयक्रमसँगै जोडिन आइपुगेका प्रशासक र राजनीतिक नेतृत्व, तिनका पारिवारिक सदस्य तथा सहयोगीसम्म यसमा संलग्न देखिन्छन्। तीमध्ये पूर्व गृहमन्त्री बालकृष्ण खाँड पक्राउ परेका छन्भने पूर्वमन्त्री टोपबहादुर रायमाझी त फरारै छन्। पक्राउ परिने भयले अरु पनि भाग्न सक्ने जोखिम त्यत्तिकै छ। त्यसैले, पक्राउका निम्ति प्रमाण-भार पुगिनसकेका तर कुनै न कुनै रुपमा संलग्नता देखिइसकेका जोकोहीमाथि प्रहरीले सूक्ष्म निगरानी राख्न आवश्यक छ। मुख्य आरोपितमध्ये कोही देशै छाडेर हिंडे भने भोलि अनुसन्धान नै प्रभावित वा अपुरो हुन सक्ने खतरा रहन्छ। त्यसैले कोही पनि देशै छाडेर नजाऊन् भन्नेमा प्रहरी उच्च रुपमा सतर्क रहनुपर्छ। यस क्रममा निर्दोष ब्यक्ति पक्राउ पर्नु हुन्न, तर अनुसन्धानको ढिलासुस्तीले कसुरदारले नै भाग्ने अवसर पनि पाउनु हुन्न। नक्कली भुटानी शरणार्थी प्रकरण ठूलो परिमाणको ठगी मात्र नभइ संगठित अपराध र मानव तस्करी समेतहो । आफ्ना नागरिकलाई अर्कै मुलुकका शरणार्थी बनाएर तेस्रो देश पठाई उनीहरूको राष्ट्रियता नै फेरिदिनेसम्मको यो अकल्पनीय धन्दाको जघन्यता बिशाल छ । आतेसलाग्दो त, देशमा कानुन तथा सुब्यवस्था कायम राख्ने दायित्व भएको एवं तीन-तीनवटा सुरक्षा निकायको तालुकदार मन्त्रालयका राजनीतिक र प्रशासनिक दुवै नेतृत्व नै यो नक्कलीकरणमा संलग्न देखिन्छ ।

देशमा भ्रष्टचारले जरो गडेको जनगुनासोको विच पूर्वमन्त्रीदेखि सरकारी कर्मचारीसम्मको मिलेमतोमा भएको ठगी धन्दाको फाइल खोलेर केहिलाई मात्र दोशी देखाउने र मुख्य गिरोहलाई उम्काउने खेल नहोस् । जनतामा निराश पैदा भइरहेको अवस्थामा खास गरी कोही पनि नछुट्नु अपरिहार्य छ। त्यसो भएमा मात्रै नेपालमा राज्यसंस्थाहरु जीवितै छन्, ठूलै अपराध भैहालेमा पनि त्यसउपर यथोचित अनुसन्धान हुन्छ, र कसुरदारहरु कारबाहीमा पर्छन् भन्ने सन्देश जानेछ। र त्यसबाट, मुलुकमा दण्डहीनताको राज तोडिने क्रम मात्र सुरू हुँदैन, विश्वजगत्मा नेपाल एउटा विश्वासयोग्य राष्ट्रका रुपमा पनि दरिनेछ।

## बागलुङका १० स्थानिय तहका प्रमुख र उपप्रमुखहरुको फोन नम्बर

### नगरपालिकाहरु

**बागलुङ नगरपालिका**
प्रमुखः बसन्तकुमार श्रेष्ठ
उपप्रमुखः राजु खड्का

**जैमिनी नगरपालिका**
प्रमुखः नर बहादुर पुन (९८६३०४१३५५)
उपप्रमुखः हरिहर शर्मा (९८५११५७९९१)

**गल्कोट नगरपालिका**
प्रमुखः भरत गैरे (९८५७६४०७५१)
उपप्रमुखः फमलाल निउरे (९८५७६४०७५२)

**ढोरपाटन नगरपालिका**
प्रमुखः देव कुमार नेपाली (९८५६०२६३३०)
उपप्रमुखः धन बहादुर कायत (९८४३५१२७५८)

### गाउँपालिकाहरु

**काठेखोला गाउँपालिका**
अध्यक्षः राजु थापा (९८५७६७७००१)
उपाध्यक्षः तेज बहादुर थापा (९८५११९६४९०)

**ताराखोला गाउँपालिका**
अध्यक्षः धन बहादुर बि.क (९८५७६६६११२६)
उपाध्यक्षः भिम बहादुर रोका (९८५७६६६११२७)


**बरेङ गाउँपालिका**
अध्यक्षः कृष्ण प्रसाद शर्मा (९८५७६२२५५१)
उपाध्यक्षः दिलिप कुमार पुन (९८५११७०४५८)

**बडिगाड गाउँपालिका**
अध्यक्षः गण्डकी थापा अधिकारी (९८५७६६६०९९)
उपाध्यक्षः भिमसेन वन (९८५७६६६१००)

**निसीखोला गाउँपालिका**
अध्यक्षः सुर्य बहादुर घर्ति (९८४६८३१११११)
उपाध्यक्षः प्रेम बहादुर घर्ति मगर (९८५७६२८३११)

**तमानखोला गाउँपालिका**
अध्यक्षः जोकलाल बुढा (९८५७६२१२१९)
उपाध्यक्षः हिरा कुमारी छन्त्याल (९८६७६४३७९९)

# भ्रष्टाचारको जरो कर्मचारी, संरक्षण राजनीतिक नेतृत्व !




गृहमन्त्रीकै सल्लाहकार रहेका व्यक्ति भ्रष्टाचारमा संलग्न भएको आरोपमा पक्राउ पर्नुले भ्रष्टाचारमा कर्मचारीतन्त्रमात्र होइन राजनीतिक संरक्षण पनि गतिलो देखिन्छ । अवैध काममा संलग्न भएर आर्थिक शुभलाभ लिने कर्मचारीसँगै नेताहरु पनि देखिएका छन् । तत्कालीन गृहमन्त्री रामबहादुर थापाका सल्लाहकार नै पाँच करोडको चेक काण्डमा पक्राउ पर्नुले नयाँ बहस सुरु गरेको छ । त्यसो त नक्कली भुटानी शरणार्थी प्रकरणमा पक्राउ पुर्जी जारी भएपछि उपराष्ट्रपति कार्यालयका सचिव टेकनारायण पाण्डे प्रहरी कार्यालयमा पुगेका छन् । तत्कालीन गृह मन्त्रालयका सचिव रहेका उनी जिल्ला प्रहरी परिसर टेकुमा पुगेका हुन् ।

नेपालमा न्याय किन्नसक्ने अवस्था देखिएको छ । सबैखाले तस्कर, कमिसनखोर, ठूल्ठूला ठेकेदारहरू तथा कालाबजारियाहरू सेटिङ मिलाएर न्याय पनि किन्नसक्ने अवस्था रहेसम्म कुनै पनि प्रकारको भ्रष्टाचार नियन्त्रण गर्न हम्मेहम्मे नै पर्छ । भ्रष्टाचारको समूल नष्ट गर्न मूलमा नै प्रवेश गर्नुपर्छ । मूल धमिलो भयो भने पानी सङ्लो नआए जस्तै सत्ता र शक्तिको वरिपरिका मानिसहरूलाई छुट दिइयो भने भ्रष्टाचार निर्मूलको कुरा कथा जस्तै हुन्छ । भ्रष्टाचारको सिङ र पुच्छर हुँदैन । भ्रष्टाचार प्रवृत्ति हो । कुनै तहका कर्मचारी हुन् वा राजनीतिमा लागेकाहरू हुन्, प्रवेशकालमा उनीहरू धेरै इमानदार हुन्छन् । जब उनीहरू पद बहाली गर्दछन्, त्यसपछि क्रमशः शुभलाभमा फस्ने गर्दछन् । यस्तो कार्य उनीहरूले कार्यस्थलमै सिक्ने गर्छन् ।

दर्ता चलानीदेखि अनेक शाखा र हाकिमहरूलाई सेवाग्राहीहरूले चित्त बुझाउन नसकेमा उनीहरूको हुने काम पनि झुलिरहेको हुन्छ । ढिलासुस्ती भनेकै नजरानाको ढोका हो । यस्तो ढोका अहिलेसम्म कसैले बन्द गर्न सकेको छैन । नक्कली बिल भौचर पेस गरेर मनग्य धनसम्पत्ति आर्जन गर्नेहरू पनि छन् । निर्णयमा तलमाथि गरेर पनि भ्रष्टाचार हुने गरेकै छ । घूस लिने दिने कार्यको निरन्तरता टुट्न सकेको छैन । नीतिगत भ्रष्टाचारको कुरा पनि उठिरहेकै छ । भ्रष्ट आचरणका व्यक्तिहरू समाज र राष्ट्रमा ठाडो शीर गरेर हिँड्ने अवस्था नरोकिएसम्म भ्रष्टाचार मौलाउनु स्वाभाविकै हो । त्यसकारण पनि यस्त प्रवृत्ति उन्मूलन गर्न आवश्यक छ । यसो गर्न सकेमात्र सुशासन र समृद्ध हुनसक्छ । अन्यथा भ्रष्टाचार उन्मूलन अलाप्ने रागमात्र हुनेछ ।

संवैधानिक तथा कानूनी व्यवस्था, राज्यका नियमनकारी निकायको स्थापना र स्रोतसाधनको उपलब्धताले मात्र सुशासन प्रवर्द्धन र भ्रष्टाचार न्यूनीकरण सम्भव हुँदैन । यसका लागि सबै सरोकारवाला निकायबीच समन्वय र सहकार्य आवश्यक हुन्छ । साथै दृढ राजनीतिक इच्छाशक्ति एवं प्रतिबद्धता आवश्यक हुन्छ । सार्वजनिक निकायभित्र एवं बाहिर हुने आपसी स्वार्थ, लेनदेन तथा अनपेक्षित सम्बन्धका कारण भ्रष्टाचार हुने गर्दछ । हाल आएर भ्रष्टाचार कुनै एक व्यक्तिको एक्लो दुष्प्रयासभन्दा बढी सामूहिक वा व्यवस्थित रुपमा फस्टाउँदै गएकाले यसको प्रशासनिक, कानूनी तथा न्यायिक उपचार विधि पनि जटिल बन्दै गएको छ ।

भ्रष्टाचारको प्रभावकारी रुपमा नियन्त्रण गरी सुशासन कायम गर्दै सामाजिक तथा आर्थिक विकासलाई गति दिन राज्यका सबै अंगहरू र खासगरी सरकार र मातहतका निकाय, राजनीतिक नेतृत्व, निजी क्षेत्र, समाजका भ्रष्टाचारविरुद्ध सचेत नागरिक लगायत सबै सरोकारवालाहरूको सक्रिय एवं समन्वयात्मक सहकार्य अपरिहार्य हुन्छ । मुलुकको समग्र विकासका लागि राजनीतिक स्थायित्व, स्वस्थ राजनीतिक प्रतिस्पर्धात्मक प्रणाली तथा असल राजनीतिक संस्कार आवश्यक पर्छ । भ्रष्टाचार नियन्त्रण गर्न राजनीतिक नेतृत्वले नीतिगत तथा नियमन कार्यमा ध्यान दिई अनुगमनको कार्यलाई सशक्त र प्रभावकारी बनाउने वातावरण सृजना गर्न सक्नुपर्छ । भ्रष्टाचारजन्य कार्यमा संलग्न व्यक्तिलाई राजनीतिक संरक्षण दिने जस्ता विकृति हटाउनसमेत राजनीतिक नेतृत्व प्रतिबद्ध र सक्षम हुनुपर्छ । मुलुकमा भ्रष्टाचार नियन्त्रण गर्ने तथा सुशासन कायम गर्ने प्राथमिक दायित्व राज्य व्यवस्थाको हो । भ्रष्टाचार नियन्त्रण गर्न आवश्यक नीतिगत, संस्थागत, संरचनागत र कार्यगत व्यवस्था मिलाउने प्रमुख जिम्मेवारी सरकारको नै हो । साथै भ्रष्टाचार नियन्त्रणमा संलग्न सरकारी निकायहरू र गैरसरकारी तथा निजी क्षेत्रलगायतका सरोकारवाला पक्षबीच समन्वय गर्ने तथा सञ्चालित कार्यहरूको संयोजन गर्ने जिम्मेवारी पनि सरकारकै हो ।

भ्रष्टाचार नियन्त्रण र सुशासन प्रवर्द्धन गर्न अख्तियार दुरुपयोग अनुसन्धान आयोगले दिएका सुझावहरूको प्रभावकारी कार्यान्वयनमा समेत सरकारको महत्वपूर्ण भूमिका रहन्छ । नेपालमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगले सार्वजनिक क्षेत्रको भ्रष्टाचारजन्य कार्यको अनुसन्धान, तहकिकात र अभियोजन गर्दछ भने महालेखा परीक्षकको कार्यालयले सार्वजनिक लेखापरीक्षणसम्बन्धी कार्य गर्दछ । यसका अतिरिक्त प्रधानमन्त्री तथा तथा मन्त्रिपरिषद्को कार्यालय, गृह प्रशासन, अर्थ मन्त्रालय, महालेखा नियन्त्रकको कार्यालय, महान्यायाधिवक्ताको कार्यालय, सार्वजनिक खरिद अनुगमन कार्यालय, राजस्व अनुसन्धान विभाग, राष्ट्रिय सतर्कता केन्द्र जस्ता निकायहरु प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा भ्रष्टाचारको रोकथाम तथा नियन्त्रण गर्ने कार्यमा संलग्न छन् । एउटै उद्देश्य पूरा गर्न विभिन्न सरकारी निकायहरू परिचालन गरिँदा कतिपय सन्दर्भमा कार्यगत अस्पष्टता र काममा दोहोरोपनासमेत आउने गर्छ । त्यसैले यस्ता निकायबीच समन्वय र सामञ्जस्य कायम हुनु आवश्यक देखिन्छ ।

संयुक्त राष्ट्रसंघीय निकायले विश्वव्यापी रुपमा भ्रष्टाचार नियन्त्रण गर्न समन्वयकारी र सहयोगी भूमिका खेल्छन् । ट्रान्सपरेन्सी इन्टरनेशनल लगायतका राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरु भ्रष्टाचारविरुद्ध जनमत सिर्जनामा संलग्न रहने गर्दछन् । यसैगरी भ्रष्टाचार नियन्त्रण गर्न अवलम्बन गरिने प्रवर्द्धनात्मक, निरोधात्मक र उपचारात्मक रणनीतिअन्तर्गत विभिन्न निकायले सम्पादन गर्ने कार्यहरूमा स्पष्ट रुपमा सहकार्य, साझेदारी र समन्वय समेत हुन आवश्यक देखिन्छ ।

नेपालले सन् २००३ मा हस्ताक्षर गरेको भ्रष्टाचारविरुद्धको संयुक्त राष्ट्रसंघीय महासन्धिलाई सन् २०११ मा अनुमोदन गरिसकेको छ । जसअनुसार नेपालले पारस्परिक कानूनी सहायता, सूचनाको हक, सार्वजनिक खरिद तथा सुशासनसम्बन्धी कानून तर्जुमा गरी लागू गरिसकेको छ । भ्रष्टाचारविरुद्धको संयुक्त राष्ट्रसंघीय महासन्धिले भ्रष्टाचारको रोकथामका उपायहरु, अपराधीकरण र कानूनी उपचार, अन्तर्राष्ट्रिय सहयोग, सम्पत्ति फिर्ता, प्राविधिक सहायता तथा सूचना आदानप्रदान, कार्यान्वयनको संयन्त्रसम्बन्धी प्रावधानलगायतका आठ वटा विषय र ७१ वटा दफामा

.............बाँकी ६ पेजमा

## साप्ताहिक राशिफल

**मेषः** मनमा हर्ष, उमङ्ग र उत्साह छाउनेछ । न्यायिक कार्यमा सफलता मिल्नेछ । नयाँ ज्ञान सिक्ने मौका मिल्नेछ ।

**बृषः** बुद्धिको उपयोग गर्नाले जटिल ठानिएको कामसमेत सम्पादन हुन सक्छ । शुभ समाचार सुन्न पाइने र शुभ कार्यको चर्चा चल्नेछ ।

**मिथुनः** आफन्त वा इष्टमित्रसँग पुनर्मिलनको योग पनि रहेको छ । जटिल ठानिएको काम समेत सम्पादन हुन सक्छ ।

**कर्कटः** सामाजिक प्रतिष्ठा कायम राख्न लगानी गर्ने समय आएको छ । आदर्श ब्यक्तित्व सँगको सहकार्यले नयाँ अनुभव मिल्नेछ ।

**सिंहः** आफूले काम देखाएर अरूको मन लोभ्याउन सकिनेछ । महत्वपूर्ण अवसर गुम्न सक्नेछ ।

**कन्याः** अधुरा कार्य पूरा गर्न आफन्तबाट सहयोग मिल्नेछ । धर्म, विश्वास, आस्था र सद्भाव पनि बढ्नेछ ।

**तुलाः** सानातिना समस्यामा अल्झिनुपर्ने देखिन्छ । स्वास्थ्यमा गडबडी भई दैनिक कामकाजमा अवसर पर्नसक्छ ।

**वृश्चिकः** नयाँ वस्त्र एवं अलंकारको प्राप्ति हुनेछ । महिला मित्रबाट राम्रो आश्वासन मिल्नेछ ।


**धनुः** शेयर बजारबाट पनि राम्रो सफलता मिल्नेछ । शुभ कार्यको चर्चा पनि चल्नेछ ।

**मकरः** शैक्षिक क्षेत्रमा सफलता मिल्नेछ । रमाइलो यात्रा हुने तथा मान सम्मान मिल्नेछ ।

**कुम्भः** राजनैतिक र सामाजिक प्रतिष्ठा कायम राख्न लगानी गर्ने समय आएको छ । नियमित खर्चसमेत बढ्ने योग छ ।

**मीनः** कूटनीतिक योग र बैदेशिक कार्यबाट शंसा मिल्नेछ । न्यायिक कार्यमा सफलता मिल्नेछ ।

-ज्यो.प. नारायणप्रसाद ढुलाल
स्रोत: हाम्रोपात्रो



# काठेखोला गतिविधि

## मन्दिरमा निर्मित संरचना हस्तान्तरण



जननिगरानी संवाददाता
बागलुङ

काठेखोला गाँउपालिका वडा नं. ६ स्थित बिहुँकोट मन्दिरमा निर्माण सम्पन्न भौतिक संरचना हस्तान्तरण तथा दातालाई सम्मान गरिएको छ ।

४ सय १२ बर्ष पुरानो बिहुँकोट मन्दिर पछिल्लो समय जिर्ण बन्दै गएपछि दाताहरुको सहयोगमा बिहुँकोट विकास मञ्च काठेखोला, अन्तरराष्ट्रिय बिहुँकोट विकास मञ्च र बिहुँकोट विकास मञ्च चितवन नवलपुरको संयोजनमा निर्मित भौतिक संरचना मन्दिर व्यवस्थापन समितिलाई हस्तान्तरण गरिएको मन्दिर निर्माण उपसमितिका संयोजक बेदप्रसाद कँडेलले जानकारी दिनुभयो ।

कार्यक्रमको उद्घाटन गर्दै सामाजिक एवम् सांस्कृतिक अभियान्ता इन्द्रेणी सांस्कृतिक विकास केन्द्रका अध्यक्ष कृष्णप्रसाद कँडेलले कला संस्कृति र पुरातात्विक संरचनाको संरक्षणमार्फत बिहुँकोटलाई पर्यटकिय क्षेत्रको रुपमा विकास गर्नुपर्ने बताउनुभयो ।

काठेखोला गाँउपालिकाका उपाध्यक्ष तेजबहादुर थापा 'तिलक'ले पालिका भित्रका धार्मिक तथा पर्यटकिय क्षेत्रको विकासको लागि आफुहरुको सदैब साथ र सहयोग रहने प्रतिवद्धता जनाएका छन् ।

विहुँकोट विकास मञ्चका अध्यक्ष हिरालाल कँडेलको अध्यक्षता र सचिव बेदप्रसाद कँडेलको संचालनमा सम्पन्न कार्यक्रममा काँठेखोला गाउँपालिका वडा नं. ६ का अध्यक्ष बृहस्पती कँडेल, वडा नं. ५ का अध्यक्ष ज्ञामनाथ कँडेल, विश्वहिन्दु महासंघ बागलुङका अध्यक्ष जब्बरबहादुर लामिछाने र अमर मावि बिहुँका प्रधानाध्यापक भिष्म कँडेलले शुभकामना मन्तव्य व्यक्त गर्नुभएको थियो ।



**बागलुङको काठेखोला गाउँपालिकाको धार्मिक पर्यटकीय स्थल श्री त्रिपुरेश्वोर महादेव मन्दिर (बिहुँ रामकोट मन्दिर) ।**
*-तस्विर: खिम बहादुर कार्की*

## काठेखोलाबाटै श्रम स्वीकृति




श्रम स्वीकृतिका लागि अनलाइन प्रणालीको सुरुआत भएसँगै नेपाल सरकारले चैत १६ गते निर्णय गरेर बैशाख १ गतेदेखि पालिका मार्फत श्रम स्वीकृती दिन आव्हान गरेको थियो । श्रम स्वीकृति लिने व्यक्तिले राहदानी, एकप्रति

.............. बाँकी ६ पेजमा

जननिगरानी संवाददाता
बागलुङ

जिल्लाको काठेखोला गाउँपालिकाले बैदेशिक रोजगारीमा जान चाहने व्यक्तिलाई श्रम स्वीकृति दिन थालेको छ । गाउँपालिकाले रोजगार शाखा मार्फत श्रम स्वीकृति दिन थालेको हो ।

वैदेशिक रोजगारीमा जान चाहने व्यक्तिले स्थानीय तहबाटै श्रम स्वीकृति तथा पुनः श्रम स्वीकृति सेवा पाएपछि दंग छन् । यसअघि श्रम स्वीकृति लिन वैदेशिक रोजगार विभाग वा प्रदेशस्थित श्रम कार्यालय जानुपर्ने बाध्यता थियो ।

काठेखोला गाउँपालिकाका अध्यक्ष राजु थापाले पालिकाबाटै श्रम स्वीकृति दिन थालेको बताउनुभयो । उहाँले रोजगारीमा जाने युवाहरुलाई प्रदेश र संघमा जानुपर्ने अवस्थाको अन्त्य गर्दै पालिकाबाटै श्रम स्वीकृति दिन थालेको बताउनुभयो ।

काठेखोला गाउँपालिकाले बैशाखको पहिलो सातादेखिनै सेवा सुरु गरेको छ । गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत खगराज गौतमले बैशाख २५ गते सूचना जारी गरेर श्रम स्वीकृतिको लागि बैदेशिक रोजगारीमा जानेहरुका लागि व्यक्तिगत श्रम स्वीकृति र पुनः श्रम स्वीकृतिको आवेदन खुल्ला गरेको जानकारी दिनुभएको छ ।


### काठेखोला गाउँपालिकाका जनप्रतिनिधिहरुको सम्पर्क नम्बर

**पालिका अध्यक्ष र उपाध्यक्ष**

अध्यक्षः राजु थापा
(९८५७६७१००१)
उपाध्यक्षः तेज बहादुर थापा
(९८५११९६४९०)

**प्रमुख प्रशासकीय अधिकृत**

खगराज गौतम
(९८६७९७०७३४)

**प्रबक्ता**

टिका संगम वि.क.
(९८५७६७७००९)

**कार्यपालिका सदस्य**

देवी थापा मगर
९८४७७५३६७१
भूमा देवी पुन
९८४७६३१३२१
पूर्णमाया सुनार
९८४७६५६९०४
सुन्तली वि.क.
९८५७६७७०११
गिता देवी वि.क.
९८४७७८९५०५

**वडाअध्यक्षहरू**

वडा नम्बर १
अध्यक्षः खडक बहादुर थापा
(९८५७६२१८०१)

वडा नम्बर २
अध्यक्षः विद्यापति शर्मा
(९८५७६२११८२)

वडा नम्बर ३
अध्यक्षः कुल बहादुर विक
(९८५७६३७०४२)

वडा नम्बर ४
अध्यक्षः लक्षमण पुन
(९८५७६३४२५३)

वडा नम्बर ५
अध्यक्षः ज्ञामनाथ कंडेल
(९८५७६३४६५२)

वडा नम्बर ६
अध्यक्षः बृहस्पती शर्मा
(९८५७६२५६८६)

वडा नम्बर ७
अध्यक्षः प्रेम बहादुर जि.सी.
(९८५७६२०८४४)

वडा नम्बर ८
अध्यक्षः प्रमानन्द कंडेल
(९८५७६२०५६२)



### काठेखोला गाउँपालिकाको अनुरोध

बढीरहेको गर्मीसँगै यस काठेखोला गाउँपालिकाको विभिन्न स्थानमा आगोलागीका घटना बृद्धि भईरहेकोले आगोलागीबाट हुन सक्ने धनजनको क्षति लगायत वातावरणीय असरप्रति गाउँबासी सबै सचेत भई दिनुहुन अनुरोध छ ।

**आगलागी हनुबाट बच्न:**

- चुरोट खाएको ठुटा राम्ररी निभाएर मात्र फाल्ने ।
- सलाई, लाइटर, जस्ता सामाग्री बालबालिकाले नभेट्ने स्थानमा राख्ने ।
- ग्याँस, डिजेल, पेट्रोल जस्ता अति प्रज्वलनशिल पदार्थको सावधानी पूर्वक प्रयोग गर्नुको साथै सुरक्षितसाथ भण्डारण गर्ने ।
- हावा चलेको समयमा खेतबारीको फोहर नपोल्ने ।

जानीजानी वा लापरवाही गरी वन जंगलमा आगलागी गरेको पाइएमा वन ऐन २०७६ बमोजिम कारवाही हुने समेत जानकारी गराइन्छ । यदि कसैले लापरवाही गरी वा जानीजानी आगलागी गरेको देखेमा काठेखोला गाउँपालिका वा प्रहरी कार्यालयमा जानकारी गराई दिनुहुन समेत अनुरोध छ ।

अनुरोधक :

**काठेखोला गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय,**
**विहुँकोट,बागलुङ**

# 'सुश्री पारिजात' पढेपछिको अनुभूति



समिक्षा

बसन्त श्रेष्ठ

साहित्यकार गोबिन्द गिरी प्रेरणा रचित "सुश्री पारिजात" पढी सके पछि मनमा अनेक प्रश्न, कौतूहल र जिज्ञासा ले डेरा जमाएको छ । कति आफैले निरूपण गर्नु पर्नेछ भने कति यस समाज र परिवेशले दिनु पर्नेछ । किनकि यो पुस्तक पारिजातको जीवनको एक सिंहावलोकन नै हो भन्दा कुनै फरक नपर्ला । पुस्तकको आकार, प्रकार, बान्की र विषय सूचीले  नै पुस्तक भित्र पारिजात अत्यन्तै थुप्रै विषय, सन्दर्भ र परिच्छेदहरूमा फैलिएको छ भन्ने प्रस्ट हुन्छ ।

साहित्यकार प्रेरणाले करिब करिब बिस वर्ष लाएर प्रकाशित यो पारिजातको जीवनी पुस्तकमा पारिजातका जन्म देखि मृत्यु सम्मका अनेकानेक घटना परिघटनाहरू समावेश गरेका छन् । उनका जीवनका हाँसो र रमाइलोको कथा निकै कम होला तर आँसुको कथा यस पुस्तकको पाना पानामा पढ्न पाइन्छ । उनको साहित्यमा, राजनीतिमा अनि सामाजिक सेवामा समर्पित जीवनका अनेक घुम्ती तथा साना साना घटनाहरू पनि यथाशक्य यस पुस्तकमा उनले समावेश गरेका छन् । हुन त मलाई पारिजातको जीवनीको यो पुस्तकलाई शीर्षकले अलिकति साँघुरो पारिदिएको जस्तो लाग्छ । आज सम्म पारिजातको जीवनी सम्बन्धी प्रकाशित जति पनि पुस्तक छन्, तिनमा यो पुस्तकमा जति विस्तृत र फराकिला विषय एवम्  सन्दर्भहरू समेटिएका पाइन्नन् यति विस्तृत रूपमा अरू कुनै पुस्तकमा समेटिएको मैले नदेखेको, नभेटेको मात्र होइन मेरो जानकारीमा समेत छैन । त्यसैले "सुश्री पारिजात" शीर्षक नभई "पारिजातको जीवनी एक सिंहावलोकन" भएको भए अरू विस्तृत र ठुलो परिधि समेट्न सक्ने थियो कि भन्ने मेरो आफ्नो व्यक्तिगत विचार हो । समय र मिहिनेतको हिसाबले लेखक प्रेरणाको यो पुस्तक एक महत्त्वाकाङ्क्षी पुस्तक हो भन्ने मलाई लाग्दछ ।

पुस्तक पढ्न सुरु गरे पछि नै मलाई आफू काठमाडौँमा अध्ययन गर्न बस्दाको समय विसं २०२८ साल तिरको सम्झना झलझली आइरह्यो । म त्यस समयमा त्रिचन्द्र कलेजमा आईएस्सि अध्ययन गर्थे । विद्यार्थी राजनीतिको गढ थियो त्यो कलेज । मेरो बसाई क्षेत्रपाटी । प्रेम कैदी, पशुपति वाग्ले, तिलक पराजुली, तारा न्यौपाने, गोपाल सिवाकोटी, लीलामणि पोखेल अन्य थुप्रै विद्यार्थी नेता बस्ने क्षेत्रपाटी क्षेत्र । धेरै जसो विद्यार्थीको भेला त्यहीँ पशुपति वाग्लेको डेरामा हुन्थ्यो। अलिक तल बाङ्गेमुढाको चौकनिर एउटा अग्लो घर । त्यो घरको पाँचौं तलामा बस्थे मन्जुल र रामेशहरू । प्राय साँझ राल्फाली गीत सङ्गीतको माहौलमा सामेल हुन पुगिन्थ्यो । गीत सङ्गीत र साहित्यका थुप्रै विचार विमर्श भएको म सम्झन्छु ।

अनेरास्वबियू चौथो र पाँचौं महाधिवेशनको विवादको समस्या समाधान गर्नको लागि रात दिन भेला र दौडा दौडमा वरिष्ठ अधिवक्ता शम्भु थापा, गुरु बराल अनि लिलामणि पोखरेल सँगै दौडेको अहिले पनि झलझली याद आइरहेको छ ।

त्रिचन्द्र कलेज युनियनमा उम्मेदवार बनेर कलेजमा भाषण ठोकेको पनि मधुरो सम्झना यदाकदा आई नै रहन्छ  !


त्यस समय प्रगतिशील साहित्यका पत्रिका धरान बाट प्रकाशन हुने "छायाँ", विराटनगर बाट "प्रकास" चितवन बाट "लालुपाते" अनि त्यस्तै काठमाडौँबाट "संकल्प"  र "वेदना' प्रकाशित हुन्थे । त्यस समयका साहित्यका विषयमा बहस र चर्चा हुने यिनै केही पत्रिका थिए ।

यस्तै राप र तापले विसं २०२९ सालमा मेरै सम्पादन र प्रकाशनमा "पूर्वेली धुन" काठमाडौँ बाट प्रकाशित भयो । यो सामयिक साहित्यिक सँगालो पत्रिका थियो । त्यसमा सो समयका प्रबुद्ध लेखक तथा साहित्यकारका रचना तथा लेख प्रकाशित गरिएको थियो । खगेन्द्र सङ्ग्रौला, टीआर विश्वकर्मा, बिदुर उपाध्याय, डा. सरोज धिताल अनि अरू थुप्रै साहित्यकारका लेख रचना त्यस प्रकाशनमा प्रकाशित भएको थियो । प्रगतिशील साहित्यिक वृत्तमा सो "पूर्वेली धुन" एक चर्चा परिचर्चा भएको मैले याद गरेको छु ।

नेपाली साहित्यका त्यस बेलाका चर्चित साहित्यकार पारिजात क्षेत्रपाटीदेखि धेरै नजिक म्हेपीमा बस्थिन् । मेरा अभिन्न मित्रहरू माधव प्रधान, नेवज गुरूङ, कमल तामाङ प्राय दैनिक जसो पारिजातलाई भेट्न गइरहन्थे । त्यहाँ भएको गीत सङ्गीत र साहित्यिक छलफलको बारेमा म अनभिज्ञ हुने त प्रश्नै थिएन । मलाई पारिजात दिदीकोमा भएको छलफल, कार्यक्रम र क्रियाकलापको  बारेमा मित्रहरूले सुनाउने गर्थे । तर अहिले यत्रो वर्ष पछि मेरो मनमा त्यो प्रश्न शूल जस्तो भएर अड्किएको छ कि त्यति नजिक बिचारमा मात्र होइन बसाइँको भएर पनि पारिजातसँग मेरो किन भेट भएन ? गोबिन्द गिरी प्रेरणाको पुस्तक पढ्न थाले देखिको मेरो मनमा उब्जेको यो प्रश्नको जवाफ मैले अहिले सम्म भेटिरहेको छैन । वास्तव मै पारिजात सँग मेरो प्रत्यक्ष भेट कहिले पनि भएन ।

खै जे होस् जुनै कारणवश भेट नभएता पनि पारिजातको साहित्य लाई मैले देशमा होस् या प्रवासमा हुँदा नै पनि सदा बोकी नै हिँडे । प्राय जसो नेपाली भाषा र साहित्यिक रचनाको छलफल र चर्चा परिचर्चाको केन्द्र बिन्दुमा पारिजातका सिर्जना नै हुने गर्थे । बोस्टनको नियमित साहित्य सङ्गम कार्यक्रममा पनि डा. महेश मास्के, डा. मबी सिंह, आशुतोष तिवारी र अन्य थुप्रै बसेर पारिजातको कथा र अन्य साहित्यको चर्चा परिचर्चा गर्दै रह्यौं । भर्जिनियाको कोठे साहित्यिक भेटघाटमा  पनि पारिजातको साहित्यिक सिर्जनाको बारेमा पटक पटक छलफल भई राखेको नै हो ।

पारिजात नेपाली साहित्य आकाशमा कहिले नडुब्ने एक उज्ज्वल नक्षत्र हुन् । नेपाली साहित्यमा पारिजात एक चर्चित र लोकप्रिय साहित्यकार हुन् । चर्चित यस अर्थमा पनि हुन् कि उनी पहिलो महिला साहित्यकार हुन् जसले शिरीषको फूल उपन्यासमा विसं २०२२ सालमा मदन पुरस्कार प्राप्त गर्यो । उनी यति लोकप्रिय हुन् कि जसले साहित्यमा मात्र ख्याति प्राप्त गरिनन् महिला अधिकारकर्मी, मानव अधिकारवादी नेत्री र सामाजिक अभियन्ताको रूपमा जीवनभर सक्रिय रूपमा लागि परेकी थिइन् !




पारिजातको जीवनी गाथाको यो पुस्तक प्रकाशन गर्न लेखक गोविन्द गिरी प्रेरणाले आफ्नो उर्वर बिस वर्ष समय लगाएका छन् । उनको मिहिनेत र समयको उचित मूल्य पाएको छ यो पुस्तक प्रकाशनले भन्ने मैले ठानेको छु । करिब चार सय पृष्ठको यो पुस्तकमा पारिजातको जीवनका कुनै पनि अंश छुटेको छैन होला भन्ने मलाई लाग्दछ । अझ उनको जीवनका व्यक्तिगत चरित्रका बारेमा होस् या कुनै कमी कमजोरी नै किन नहोस् यस पुस्तकमा समावेश भएको छ भन्ने मलाई लाग्दछ । उनका पिडा, व्यथा, हरेक दैनिकी नै किन नहोस् यस पुस्तकमा मैले थाहा पाए सम्म यहाँ समावेश भएको मैले पाएको छु ।

सङ्क्षेपमा पारिजातको व्यक्तित्वलाई मैले सम्झनु पर्दा उनी आफ्नो जीवनका सुख दुख लुकाउने होइन खुलस्त गर्थिन् । उनको जीवन नै एउटा खुला किताब जस्तै थियो । उनको ढोका सबैका लागि खुल्ला थियो । स्वभावमा उनी संस्कृति, शिष्टता र सौन्दर्य प्रति बढी रुचि भएको एक निर्भीक, स्वाभिमानी र विद्रोही प्रकृतिको व्यक्तित्व थिइन । करिब ३६ वर्ष नेपाली भाषा साहित्यमा अनवरत लागिपरेकी उनले साहित्यका विभिन्न विधाका बिस वटा अमूल्य साहित्यिक कृति दिएर गएकी छिन ।

उनका साहित्यिक कृतिहरूको विवेचना गर्दा धेरै  समालोचकहरूले उनलाई स्वछन्दतावादी,  विसङ्गतिवादी, अस्तित्ववादी र प्रगतिवादीमा विभक्त गरिएको पाइन्छ ।

पहिलो कविता सङ्ग्रह विसं २०१४ सालमा प्रकाशित "आकाङ्क्षा" कवितालाई स्वच्छन्दतावादी र भावुक प्रकृतिका रचना मानिन्छन् । दोस्रो अवधि विसं २०१९ साल देखि २०२२ साल सम्म लाई केलाउँदा उनका दिनहरू शारीरिक र मानसिक रूपले धेरै कष्टप्रद, चरम पीडादायी क्षण र यातनाले गर्दा पलायन बनिसकेको दिनहरू । त्यही अवधिमा नै मानव मूल्य र जीवन मूल्यसँग नै पलायन जस्तो भएर विसङ्गतिवादीको रूपमा उपन्यास "शिरीषको फूल" लेखिन् ।

विसं २०२२ देखि २०२९ सम्मको अवधिलाई अस्तित्ववादी र प्रगतिशील लेखनतर्फ अग्रसर भएको देखिन्छ । यस बारेमा उनी आफैले भनेकी छिन्  "जीवनक्रममा आइलाग्ने अत्यन्तै निराश, कुण्ठा भ्रम तथा मानसिक तनावहरू देखि मुक्त भई त्यस्तै परिस्थिति देखि उब्जिएका विद्रोह र आकाङ्क्षालाई सही धारमा लगाई जीवनको सही मूल्य र सही बाटो पहिल्याउने क्रममा म प्रगतिशील लेखन तर्फ अग्रसर भएकी हुँ ।" यही अवधि राल्फाकालीन अवधि पनि हो । यस अवधिमा उनको लेखनमा तीव्र आक्रोश छ। तीव्र विरोध छ अनि विद्रोहको जन्म भएको देखिन्छ । त्यस पछिको उनका साहित्यिक लेखनले प्रगतिवादीतिर उन्मुख भएको देखिन्छ ।

समग्रमा उनको साहित्यिक लेखनलाई संक्षेपमा विभक्त गर्दा पहिलो उनका लेखनमा आएको स्वछन्द लेखन र पछिल्लो चरणमा उनमा आएको राजनीतिक बिचारको परिवर्तनले उनका साहित्यिक लेखन प्रगतिशील बिचारको देखिन्छन् ।उनी अत्यन्त संवेदनशील र प्रखर आत्मबलयुक्त अनि अत्यन्त महत्त्वाकाङ्क्षी व्यक्तित्वमा गनिन्छन् । दार्जिलिङबाट काठमाडौँ नै पारिजातका हरेक गतिविधिले चर्चा परिचर्चा पाइरहेको देखिन्छ ।  पुतली सडकमा बस्दा होस् या म्हेपी नै बस्दा किन नहोस् सबै साहित्यिक व्यक्तित्वहरूको केन्द्र बिन्दु नै उनी भएको देखिन्छ । नेपाली साहित्यका स्थापित र चर्चित साहित्यकारहरूको केन्द्र बिन्दु मै पारिजात भएकी थिइन् । किनकि त्यस बेला उनका कविताहरू "रोगी प्रेमको पत्र", "मृत्युको अँगालोमा", नसोध यो घाउ", मेरो पपलको रुख", सँगै मरौँ" र "उपायहीन साँझ" आदि उनका बहु चर्चित कविता बाट ख्याति कमाई सकेकी थिइन् ।

त्यसपछि र सो दौरानमा उनको चर्चा परिचर्चा, आरोप प्रत्यारोप, समालोचना आलोचनाको विरुद्धमा एक्लै सतिसालको रुख झैँ डटेर मुकाबिला गर्न सक्ने एक्लो पारिजातमा अथाह सृजनशील शक्ति थियो । शारीरिक अपाङ्गता भए तापनि कसैसँग झुकेर र निष्क्रिय कदापि बस्न नरुचाउने एक अदम्य साहसिक आत्मबल भएको नारी थिइन् ।

साहित्यकार गोविन्द गिरी प्रेरणा कृत  करिब चार सय पृष्ठको "सुश्री पारिजात" पुस्तक पारिजातको आजसम्म उनको जीवनीमा प्रकाशित पुस्तक भन्दा धेरै विषय, सन्दर्भ र अनेकानेक दृष्टान्तहरूले गर्दा यो पुस्तक गहन र गहकिलो छ भन्ने मलाई लाग्दछ । यस पुस्तकभित्र उनको जीवनका हर कोणको उतार चढाव उल्लेख छ । उनका सामाजिक, राजनीतिक र वैयक्तिक घटना परिघटना छताछुल्ल पोखिएका छन् । त्यसरी नै उनका चरित्र चित्रण, आनीबानी, सर सङ्गत, राजनीतिक उतार चढाव अनि उनका व्यक्तिगत चारित्रिक घटना परिघटनाका यावत प्रसङ्गहरू लेखकले यस पुस्तकमा समेटेका छन् ।

लेखकले ती तमाम तथ्य सङ्कलन गरेर लेखिका पारिजातको सम्पूर्ण जीवन कथा तयार गर्नको लागि  करिब बिस वर्ष लागेको बताएका छन् । यस पुस्तक भित्रका कतिपय प्रसङ्ग र घटना परिघटनालाई लेखकले सत्यता प्रकट गर्नको लागि सम्बन्धित प्रसङ्गको विषयको प्रमाणिक लेख, टिप्पणी र अन्तर्वार्ता समेत साथ साथै प्रस्तुत गरेका छन् । यसले उनले प्रस्तुत गरेको तथ्यको पुष्टि गर्दछ र  विश्वसनीयतामा त्यति शङ्का गर्ने ठाउँ रहन्न ।

पारिजात अदम्य साहस भएकी एक अथक योद्धा थिइन् । जस्तै दुख, पिडा र अनगिन्ती व्यथा आफूभित्र समेटेर पनि कसैसँग लाचार नबनेर, सम्झौता नगरेर आफ्नो स्वाभिमानलाई उँचा राखेकी थिइन् । यस पुस्तकभित्र दार्जिलिङदेखि काठमाडौँ सम्मको अनगिन्ती दुखका पीडाका कथाहरू जताततै भेटिन्छन् । घर व्यवहार कसरी चल्थ्यो । को सँग सापट लियो । को सँग प्रेम भो । को सँग शारीरिक सम्बन्ध गाँसियो । पुस्तक प्रकाशनमा कसले पैसा हाल्यो । औषधि किन्न पैसा कसले दियो देखि लिएर कसले रक्सी ख्वाउन ल्यायो । यी र यस्तै यावत पारिजातका दैनिकीहरूको फेहरिस्त समेत यस पुस्तकमा पढ्न पाइन्छ ।

नाट्य सम्राट् बालकृष्ण समले भनेका थिए "आत्म वृत्तान्त र जीवनी लेखनकोको लागि इमानदारी आवश्यक छ । तर इमानदार हुन् सकिँदैन" । त्यस्तै नेपाली काँग्रेसका नेता तथा साहित्यकार विश्वेश्वर प्रसाद कोइरालाले भनेका थिए " राजनीतिमा सानो मानिसलाई पनि पोसाक चाहिन्छ तर साहित्यमा सम्राट् पनि निर्वस्त्र हुन्छन्" ।

मेरो बिचारमा यही वाक्यलाई मनन गरेर लेखक प्रेरणाले पारिजातको जीवनीमा अङ्गीकार गरेका छन् । कतिपय प्रसङ्ग र घटनाहरू नराखे पनि पारिजातको महत्त्व न घट्ने नै थियो । न त यस पुस्तकको गरिमा मै आँच आउन सक्थ्यो । तर ती सब यस पुस्तकमा अटाएका छन् । "सुश्री पारिजात" पारिजातको जीवनका व्यक्तिगत आचरण, विचरण, पिडा, व्यथा, अन्तरङ्ग सम्बन्ध र असफल प्रेमका कथा यत्र तत्र भेटिन्छन् । अझ उनका खुल्लमखुल्ला शारीरिक सम्बन्धका कुरा पनि छन् । ती वास्तवमा  कल्पना भन्दा बाहिरका कुरा थिए ।

नेपाली भाषाका धेरै वरिष्ठ साहित्यकारहरूको व्यक्तिगत आचरण, विचरण र कतिपय कमी कमजोरीका किस्साहरू यत्रा तत्र बजारमा सुन्न पाइन्छन् । तर ती व्यक्तिगत आलोचना र कमी कमजोरीका  कुनै अंश प्रकाशन भएको मलाई थाहा छैन ।

तर जसरी साहित्यकार पारिजातका विषयमा खुल्लमखुल्ला बहस र लेखिएका भेटिन्छन् त्यसरी अरू नेपाली भाषा साहित्यका कुनै पनि साहित्यकारको विषयमा लेखिएको पाइँदैनन् । वास्तवमा मैले पढेको थाहा छैन ।

नेपाली साहित्यकार मध्येमा सबै भन्दा चर्चित, सम्मानित र प्रशंसित कोही छन् भने उनी पारिजात मात्र हुन् । यस अर्थमा साहित्यकार पारिजात सबै भन्दा उच्च एक निष्ठावान् एक महान् साहित्यकार हुन्  । जो जसको साहित्य र व्यक्तित्व यति उँचा छ कि उनका कुनै पनि र कुनै सन्दर्भका किसिमका कुराहरूले असर नै पर्दैनन् । तसर्थ मेरो बिचारमा नेपाली साहित्यका उनी एक महान् साहित्यकार हुन् । यस पुस्तक भित्र समाहित भएका पारिजातका जीवनका आरोह अवरोहमा तमाम दुख र पीडाका प्रसङ्गले अझ उनी सबैका प्रिय भएको मैले मानेको छु । वास्तवमा यो कृति पारिजातको निजी जीवनका सम्पूर्ण झाँकीहरू यथेष्ट प्रमाणका साथ प्रस्तुत गर्न सफल एक विशिष्ट कृति हो भन्ने मलाई लाग्दछ ।

कुनै पनि नेपाली साहित्यकारको जिन्दगी यति खुल्ला र उदाङ्गो भएको मैले पढेको छैन ।  यस पुस्तकमा भएका ती दुख, पिडा र कमजोरीहरू अन्य कुनै साहित्यकारका बारेमा नभएका त पक्कै होइनन् होला । तर प्रकाशमा नआएको मात्र नै होला । त्यसैले पारिजात एक खुल्ला पुस्तक हुन् । जो जसले जसरी पढे पनि हुन्छ । तसर्थ पारिजात हामी बाँचेको युगको को एक शक्तिशाली नेपाली महिला साहित्यकार हुन् भन्ने मेरो ठम्याइ छ । यी सबै सन्दर्भले गर्दा यो पुस्तक "सुश्री पारिजात" पुस्तकले उनी नेपाली भाषा साहित्यका एक महान् साहित्यकार हुन् भन्ने कुराको पुष्टि गरेको मैले ठानेको छु ।

यसै सन्दर्भमा एउटा अर्को प्रसङ्ग जोड्न चाहेँ । हाल सालै पारिजात साहित्य प्रतिष्ठान, नेपालको आयोजनामा पारिजातको बहिनी वा जीवनभर साथ दिने एक सहयोद्धा सुकन्या सँगको अन्तरवार्ता सुन्ने मौका पाएको थिएँ ।

डा. महेश मास्के सँगको सो अन्तर्वार्तामा पारिजातको बहिनी सुकन्याले यो "सुश्री पारिजात" पुस्तकको बारेमा चर्चा नै गर्नु नपर्ने भनेका छन् । अलिकति अस्वस्थ जिज्ञासा राखिएकोले यस पुस्तकका लेखकप्रति अलिकति गुनासो प्रस्तुत गरेकी छिन् ।  तर अन्य कुनै कारण खुलाएकै छैनन् । लेखक सँगको व्यवहार र लेखकले लेखेको त्यत्रो मेहनत ले तयार पारेको आफ्नी दिदीको पुस्तक बारेमा कस्तो हो भन्ने प्रतिक्रिया पाठकलाई दिनु पर्ने हो जस्तो लाग्छ मेरो बिचारमा ।

..............बाँकी ६ पेजमा

# प्रेस सेन्टर बागलुङको १५ औं बार्षिक साधारणसभा

**जननिगरानी संवाददाता**
**बागलुङ**

प्रेस सेन्टर नेपाल बागलुङको १५ औं बार्षिक साधारणसभा शनिबार सम्पन्न भएको छ ।

गल्कोट नगरपालिका-३ हटियामा भएको साधारणसभाको उद्घाटन पछि बोल्दै प्रेस सेन्टर नेपालका केन्द्रिय महासचिव सन्तोष पौडेलले भुटानी शरणार्थी, भष्ट्रचारको विषय प्रधानमन्त्रीले सरकारले उठाएको कदममा उच्चताका साथ दिनुपर्ने बताउनुभयो । पत्रकारको न्युनतम पारपश्रमिलभउक व्यवस्थापन र पत्रकारिता पेशा प्रतिको निरन्तरता,पत्रकारको संरक्षण, व्यवस्थापनमा प्रेस सेन्टर लागिरहेको बताउनुभयो ।

कार्यक्रममा नेकपा माओवादी केन्द्र बाग्लुङ जिल्ला इन्चार्ज बलावती शर्माले पत्रकारिताको महत्व वर्तमानमा झनै बढेकोले पत्रकार निष्पक्ष हुनुपर्ने बताउदै राष्ट्रिय राजनीतिमा भएका भष्ट्रचारका काण्डहरुलाई थप पेचिलो बनाउन पत्रकारको महत्वपूर्ण भुमिका हुने बताउनुभयो । उहाँले अहिले पत्रकार र पत्रकारिता पेशामा विभिन्न समस्याहरु रहेकोले ती समस्या छलफल गरि समाधान गर्नुपर्ने जोड दिनुभएको थियो ।

कार्यक्रममा नेकपा माओवादी केन्द्र गण्डकी प्रदेश उपाध्यक्ष ज्ञामनाथ गैरे, प्रेस सेन्टर नेपाल केन्द्रिय लेखा समिति सचिव अमृतराज उपाध्याय, केन्द्रिय सदस्य मुकशचन्द्र राजभण्डारी, प्रेस सेन्टर गण्डकी प्रदेश अध्यक्ष अर्जुन काफ्ले, बागलुङ नगरपालिका उपप्रमुख राजु खड्का, ताराखोला गाउँपालिका अध्यक्ष धन बहादुर वि.क (हिमाल), नेकपा माओवादी केन्द्र गलकोट नगर अध्यक्ष चन्द्रदत्त रेग्मी, नेपाल पत्रकार महासंघ बागलुङका उपाध्यक्ष सरिता खत्री, प्रेस युनियन बागलुङका उपाध्यक्ष संगम घर्ती, प्रेस चौतारी बागलुङका सचिब कमल पौडेल लगायतले शुभकामना मन्तब्य राख्नुभएको थियो ।

वार्षिक साधारणसभाको अवसरमा प्रेस सेन्टर बागलुङले स्थापना गरेको श्याम चन्द्रकली स्मृति पत्रकारिता पुरस्कारबाट ढोरपाटन राष्ट्रिय दैनिक पत्रिकाका कार्यकारी सम्पादक रामकृष्ण बोहरा र भक्त जगकुमारी स्मृति पत्रकारिता पुरस्कारबाट सामुदायिक रेडियो गल्कोट एफ एमका स्टेशन प्रमुख जीवनकला खत्री (सरिता)लाई १०/१० हजार नगद राशी पुरस्कार सहित सम्मान गरिएको थियो ।

प्रेस सेन्टर नेपाल बागलुङका अध्यक्ष थमन थापाको अध्यक्षतामा सम्पन्न भएको बार्षिक साधारणसभाको स्वागत उपाध्यक्ष सज्जन कुमार सिंह र संचालन सचिव अनिश खातीले गर्नुभएको थियो ।

हार्दिक बधाई तथा शुभकामना !



श्री छविरमण शर्मा रेग्मी

यस विद्यामन्दिर माध्यमिक विद्यालयको गरिमामय प्रधानाध्यापक पदमा नियुक्त हुनुभएकोमा श्री छविरमण शर्मा रेग्मी ज्यूलाई हार्दिक बधाई तथा सफल कार्यकालका लागि शुभकामना व्यक्त गर्दछौं ।

बाबुलाल शाक्य
अध्यक्ष (विद्यालय व्यवस्थापन समिति) एवं
विद्यामन्दिर माध्यमिक विद्यालय परिवार, बागलुङ

नयाँ वर्ष २०८० शुभकामना

नयाँ वर्ष २०८० सालको पावन अवसरमा देश विदेशमा रहनुभएका आमाबुबा, दिदीबहिनी, दाजुभाईहरुमा सुख,शान्ति, समृद्धि एवं उत्तरोत्तर प्रगतीको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

रेशमबहादुर श्रीष
प्रधानाध्यापक

तथा

धौलागिरि बहिरा आवासिय माध्यामिक विद्यालय परिवार, बागलुङ

# साप्ताहिक खेल खबर

## पुरुष भलिबलको बन्द प्रशिक्षणमा १८ खेलाडी छनोट



**जननिगरानी संवाददाता**
**काठमाडौं**

नेपाल भलिबल संघले चीनमा आयोजना हुने १९औं एसियाली खेलकुद (एसियाड) र किर्गिस्तानमा हुने काभा पुरुष भलिबल नेसन्स लिगका लागि खुल्ला छनोटबाट बन्द प्रशिक्षणमा १८ खेलाडी छनोट गरेको छ ।

संघले त्रिपुरेश्वरस्थित राष्ट्रिय खेलकुद परिषद (राखेप) को कभर्डहलमा तीन दिनसम्म गरेको खुल्ला छनोटबाट १८ खेलाडीलाई बन्द प्रशिक्षणका लागि छनोट गरेको छ । खुल्ला छनोटमा विभिन्न क्लब तथा प्रदेशबाट गरी कुल ३६ खेलाडीको सहभागिता रहेको थियो ।

छनोटमा राष्ट्रिय टोलीका कप्तान तथा सेटर इम बहादुर रानासँगै यसअघि टोलीका सदस्य रहिसकेका लिवेरो ईश्वर थापा मगर सहभागी भएका छैनन् । छनोटमा सहभागी नभएसँगै दुवै जना टोलीबाट बाहिरिएका छन् । कप्तान इमले नेपालमा जेठ ८ देखि १४ गतेसम्म हुने काभा वुमन्स च्यालेन्ज कप दौरान सन्यास लिने तयारी गरिरहेका छन् ।

प्रशिक्षक जगदिश प्रसाद भट्ट र सहायक प्रशिक्षक भरत यादवको प्रशिक्षण टोलीले बन्द प्रशिक्षणका लागि १८ खेलाडी छनोट गरेको हो । खुल्ला छनोटबाट राष्ट्रिय टोलीमा स्थान बनाइसकेका दुर्गा महतो, शरण सामरी क्षेत्री, राज कुमार निरौलासँगै रविन नगरकोटी र सन्तोष महता पनि बाहिरिएका छन् ।

सन्तोष यु-२३ टोलीका सदस्य हुन् । यस्तै उत्तम चन्द, धनपति, अमृत विक, सरण कार्की, अभिषेक थापा, सरोज बोहोरा, अमिर थापा, सरोज चम्लागाईं, प्रेम गौतम, भरत चुनारा, नरेन सिन्जाली, हृदेश प्रसाद चौधरी र अभिषेक थिङ तामाङले पनि अन्तिम १८ मा स्थान बनाउन सकेनन् ।

नेपाली पुरुष भलिबल टोलीले यस वर्ष १९औं एसियाली खेलकुदसँगै काभा पुरुष भलिबल नेसन्स लिग खेल्ने तय छ । एसिया चीनको हाङझाउमा आगामी सेप्टेम्बर २३ देखि अक्टोबर ८ तारिखसम्म हुँदैछ ।

काभा पुरुष नेसन्स लिग जुन १६ देखि २५ सम्म हुनेछ । सेन्ट्रल एसियन भलिबल एसोसिएसन (काभा) पुरुष भलिबल नेसन्स लिगमा नेपालसहित ७ टोलीको सहभागिता रहने भएको छ । काभामा नेपालसँगै आयोजक किर्गिस्तान, पाकिस्तान, उज्वेकिस्तान, काजकिस्तान, इरान र तुर्केमिनिस्तान रहेका छन् ।

**बन्द प्रशिक्षणलाई छनोट भएका १८ खेलाडी**

स्पाइकरः मान बहादुर श्रेष्ठ, धन बहादुर भट्ट क्षेत्री, बिशाल विक, रविन चन्द, रवि केसी, धिरोज काजी बस्नेत, टेक राज अवस्थी, राजेन्द्र विष्ट र हेमन्त मल्ल

सेटरः हरि हजुर थापा, लोकेन्द्र गिरी र सम्राट भण्डारी

मिडल ब्लकरः दुर्गा बहादुर खड्का, हरि बहादुर अधिकारी, सफल विक र मनिष मानन्धर

लिवेरोः विनोद चन्द र भीम गाहा



## भ्रष्टाचारको.........

भ्रष्टाचारविरुद्ध काम गर्नुपर्ने गरी व्यवस्था गरेको छ । नेपाल सरकारले भ्रष्टाचारविरुद्धको संयुक्त राष्ट्रसंघीय महासन्धिको कार्यान्वयनसम्बन्धी राष्ट्रिय कार्ययोजना, २०६९ समेत तर्जुमा गरी कार्यान्वयनमा ल्याएको छ ।

भ्रष्टाचार निवारण ऐन, २०५९ ले भ्रष्टाचारमा कसुर, दायरा र दण्ड सजायसम्बन्धी व्यवस्था गरेको छ । यस ऐनले भ्रष्टाचारको अनुसन्धान, तहकिकात र मुद्दा दायरसम्बन्धी व्यवस्था एवं भ्रष्टाचारको निगरानीसम्बन्धी व्यवस्थासमेत गरेको छ । यसैगरी अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ ले आयोगले गर्ने अनुसन्धान र तहकिकात सम्बन्धमा आयोगको अधिकार क्षेत्र र कार्य प्रक्रियाहरु व्यवस्थित गरेको छ । साथै विद्यमान ऐन, नियम, निर्णय, आदेश, कारबाही वा प्रचलनमा त्रुटि भए सुधार गर्न सुझाव दिने वा आवश्यक कारबाहीका लागि सम्बन्धित निकायमा लेखी पठाउने जिम्मेवारीसमेत आयोगलाई दिइएको छ । यसैगरी भ्रष्टाचार रोकथाम गर्ने उद्देश्यले प्रवर्द्धनात्मक एवं निरोधात्मक कार्यहरू गर्ने एवं भ्रष्टाचार नियन्त्रण गर्ने उद्देश्यले स्थापित राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संस्थाहरूसँग समन्वय, आपसी सहयोग र सम्बन्ध सुदृढ गर्नेलगायतका कार्य गरी सुशासन कायम गर्न र सार्वजनिक सेवामा प्रभावकारिता ल्याउन थप दायित्व अख्तियार दुरुपयोग अनुसन्धान आयोगलाई सुम्पेको छ । उसको भूमिका पनि सही देखिँदैन । राजनीतिक प्रभावमा परेर आयोगले गर्ने निर्णयका कारण कतिपय विषय विवादमा आएका छन् । आयोगकै सदस्यहरु पनि कतिपय अवस्थामा आर्थिक कारोबारमा मुछिने अवस्था आएका कारण पनि विश्वासमा कमी आएको हो ।

*नेपालप्रेसबाट साभार ।*

## सुश्री.......................

यस पुस्तकमा त्यस्तो केही अप्रमाणित, कुनै मनगढन्त या कुनै अप्रिय त्यस्तो केही उल्लेख भए त्यसको प्रतिवाद सुकन्या जस्तो जिम्मेदार व्यक्तिबाट आउनु पर्थ्यो । जस बाट पारिजात जस्तो लोकप्रिय साहित्यकारको बारेमा थप सत्य तथ्य सबैलाई जानकारी हुन सक्दथ्यो । तर त्यस्तो केही कारण खुलस्त नगरी गरिएको टिप्पणीले पाठक वर्ग अन्यौलता परेको मेरो ठम्याई छ ।

पारिजातको जीवन निकै सङ्घर्षमय देखिन्छ । जीवनयापनदेखि लिएर विचार सिद्धान्त र साहित्य सिर्जनालाई स्थापित गर्नमा अनेक आरोह अवरोह र घुम्ती पार गर्दै गर्दाको नमिठो क्षणहरूलाई पुस्तकमा केही ठाउँमा दोहोरिएको देखिन्छ । त्यस्तै पुस्तकमा उल्लेख गरिएका घटना र प्रसङ्गहरूको विश्वसनीयताको लागि अन्य कुनै श्रोत वा प्रकाशित लेख, रचना र अन्तर्वार्ता उल्लेख गरिएको छ । यी पनि केही स्थानमा दोहोरिएका छन् ।

अर्को महत्त्वपूर्ण कुरा चैं पारिजातको मदन पुरस्कार प्राप्त उपन्यास "शिरीषको फूल" को प्रकाशनमा कसले पैसा हाल्यो, किन हाल्यो, प्रकाशकको नाम कसको अनि सो पुस्तकलाई मदन पुरस्कार पुरस्कृत हुनुमा सो पुस्तकमा भएको शङ्कर लामिछानेको भूमिकाले पनि अहम् भूमिका रहेको भूमिकालाई नै किन अतिरञ्जित भनेर भनेको होला भन्ने प्रश्न मेरो मनमा उठिरह्यो ।

पारिजात र डा. महेश मास्के बिचमा पटक पटक साहित्य र अन्य विषयमा चिठी पत्रको आदान प्रदान गरिएको कुरा यस पुस्तकमा धेरै ठाउँमा उल्लेख गरिएको छ । तर यस पुस्तकको विषय क्रममा सम्पादन, अनुवाद र स्तम्भ लेखनअन्तर्गत चिठी पत्रको शीर्षक अध्यायमा डा. महेश मास्केको पत्र भने छुट भएको छ ।

यी केही सामान्य कमजोरी भए पनि समष्टिमा सुश्री पारिजात नामक गोबिन्द गिरि प्रेरणाकृत जीवनी पुस्तक पठनीय र सङ्ग्रहनीय छ । नेपाली भाषा साहित्यको पाठक तथा अध्येताको लागि पारिजातको जीवनी मात्र होइन पारिजातकालीन नेपाली साहित्य र साहित्यकारको बारेमा अध्ययन गर्न पनि अत्यन्त उपलब्धिमूलक पुस्तक छ भन्ने मलाई लाग्दछ । त्यसैले यो पुस्तक एक पटक पढ्नै पर्ने पुस्तक हो ।

"सुश्री पारिजात" पारिजातको जीवनी पुस्तक आख्यानको शैलीमा लेखिएको हुँदा पुस्तक धेरै रोचक र रहरलाग्दो भएको छ । पाठकलाई चार सय पेजको पुस्तकमा कतै पनि अत्यास, बोझिलो र दिक्क लाग्दो भएको पाइँदैन । हरेक पाठकलाई पढ्नको लागि एउटा बेग्लै शैली को यो जीवनी पुस्तक अत्यन्तै उपयोगी बन्नेमा म विश्वस्त छु ।

"सुश्री पारिजात" पुस्तक पारिजातको साहित्यिक मात्र नभई जीवनका यावत झाँकीहरू समावेश भएका कारणले पारिजातको विषयमा सोध तथा अनुसन्धान गर्नको लागि अति नै सहयोगी पुस्तकको रूपमा सहायक सिद्ध हुन् सक्नेछ भन्ने मलाई लाग्दछ ।

लेखक गोविन्दगिरि प्रेरणाले जीवनी लेख्न प्रतिबद्धता जनाएका नेपाली साहित्य आकाशका उज्ज्वल नक्षत्रहरू शङ्कर लामिछाने र भूपि शेरचनका जीवनी पनि यथाशक्य चाँडो प्रकाशनमा आउन सकोस् मेरो कामना छ ।

*साहित्यपोष्टबाट साभार ।*

## ढोरपाटन.............

नाउर र एक झारल र फ्रोन्सेली नागरिक म्रलक्स फ्रान्कोल्स मार्सेल पिरर सिग्नोलसले सुनदह ब्लकमा एक नाउर र एक झारलको शिकार गरेका प्रमुख संरक्षण अधिकृत कंडेलले बताउनुभयो ।

सुनदह ब्लकमा ओपन नेपाल वाईल्डलाईफ सफारी एण्ड ट्रेक्स प्रा.लि. मार्फत पोर्चुगलका शिकारी ओलिभा डे एन्ड्राडे भिलारिन्हो जोस मिगुएलले एक नाउरको शिकार गरेका छन् । दोगाडी ब्लकमा नेपाल ट्राभल एकपेडिसन प्रा.लि. मार्फत पोल्याडका नागरिक बार्टोसिक क्लाउडियसले एक नाउर र रसियन नागरिक सामसोनभ कोनस्टान्टीनले एक नाउर र गुस्तुङ ब्लकमा एक झारलको शिकार गरेका छन्भने स्पेनिस नागरिक मेरिनो जिमेनेज जोसेले बार्से ब्लकमा एक नाउर र गुस्तुङ ब्लकमा एक झारलको शिकार गरेको प्रमुख संरक्षण अधिकृत कंडेलले बताउनुभयो ।

हिमालयन सफारिस प्रा.लि. मार्फत तीन जना अमेरिकन नागरिकहरु राइट जेआर, ब्रान्डन वेड गार्डनर र स्टीओहेन रोल्याण्ड मिल्सले दोगाडी ब्लकमा दुई नाउर र सेङ ब्लकमा एक नाउरको शिकार गरेको प्रमुख संरक्षण अधिकृत कंडेलले बताउनुभयो । उनीहरुले सेङ, सुनदह र गुस्तुङ ब्लकमा एक-एक गरी तीन झारलको शिकार गर्न नसकेको अधिकृत कंडेलले बताउनुभयो। विभागले फागुन महिना शिकारका लागि पेशेवर शिकारी अनुज्ञापत्र प्राप्त कम्पनीबाट शिलबन्दी दरभाउपत्र आव्हान गरी बोलपत्र प्रक्रियाबाट छानिएका सात कम्पनी मार्फत आठ देशका पेशेवर विदेशी शिकारीहरुले यस वर्षको दोस्रो याम (फागुन-बैशाख)मा शिकार गरेका थिए ।

यस पटक शिकारीहरुले एउटा नाउरको ५ लाख २० हजारदेखि ७ लाख ८० हजारसम्म र झारलको ३ लाखदेखि ३ लाख १० हजार रुपैयाँसम्म राजश्व तिरेको अधिकृत कंडेलले बताउनुभयो । अघिल्लो (पहिलो) याम (असोज-मङ्सिर) मा एउटा नाउरको २० लाख पाँच हजार र झारलको ६ लाख रुपैयाँ राजश्व बुझाइएको थियो । शिकारको माग बढी हुँदा राजस्वको दर पनि बढ्ने र माग घट्दा राजस्व पनि घट्ने गरेको छ । यस वर्षको पहिलो सिजनमा आठ नाउर र छ झारलको शिकार कोटा निर्धारण गरिएपनि सात नाउर र पाँच झारलको मात्र शिकार भएको थियो । पहिलो याममा सात नाउर र पाँच झारलको शिकार भएको थियो । ढोरपाटनमा शिकार गरेपछि अधिकांश शिकारीले मासु खाएर सिंङ, खुर र छाला मात्रै आफ्नो देशमा लैजान्छन् । अन्तराष्ट्रिय तहमा हुने प्रतियोगितामा उनीहरुले सिंङको प्रतिष्पर्धा गरेर ट्रफी जित्ने गरेका छन् ।

शिकार अनुमति प्राप्त कम्पनीले १५ दिनको अवधिमा आरक्षबाट खटिएका कर्मचारीको प्रत्यक्ष निगरानीमा शिकार गर्न पाउँछन । आरक्षलाई सुनदह, सेङ, दोगाडी, बार्से, फागुने, सुर्तिवाङ र घुस्तुङ गरी ७ ब्लगमा विभाजन गरी शिकार खेल्न दिने व्यवस्था गरिएको छ ।

आरक्षणमा बर्सेनी असोज-मङ्सिर र फागुन-वैशाख गरी दुई पटक शिकार खुल्छ । पेशेवर विदेशी शिकार कम्पनीका प्रतिनिधिसहितको टोली लिएर हेलिकप्टरमार्फत शिकार खेल्न आरक्षमा पुग्ने गर्छन् ।

विभागले गराउने अन्तर्राष्ट्रिय बोलपत्रको प्रतिस्पर्धाबाट छानिएका कम्पनीले विदेशी व्यवसायिक सिकारीलाई नेपाल भित्र्याउँछन् । शिकार पर्यटनबाट प्रतिवर्ष करोडौं रुपियाँ राजश्व ढुकुटीमा जम्मा हुन्छ । शिकार कम्पनीको प्रतिस्पर्धाका आधारमा सिकारको राजश्व दर घटबढ हुने हो ।आरक्षको फागुने, बार्से, सेङ, दोगाडी, घुस्तुङ, सुर्तिबाङ र सुनदह गरी ७ 'ब्लक' मा शिकार खेल्ने गरिएको थियो । खर्चिला र साहसी शिकारीले विकटमा रहेका 'ब्लक' मा शिकार खेल्न रुची राख्छन् । शिकारी, आरक्ष कार्यालय तथा कम्पनीका प्रतिनिधि, भरिया र पथप्रदर्शकसहितको टोलीले १५ दिन आरक्षमा बिताउँछन् ।

राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागले हरेक शिकार याममा विद्युतिय बोलपत्र आह्वान गरेर शिकारको कोटा र राजश्व दर निर्धारण गर्छ । साहसिक यात्रा र रोमाञ्चक शिकार अनुभवका लागि ढोरपाटन विदेशीको आकर्षक गन्तव्य बनेको छ ।

# ट्राफिक सप्ताहमा सवारी चालक र परिचालकलाई प्रशिक्षण

**बागलुङ** - ट्राफिक सप्ताहको अवसरमा जिल्ला ट्राफिक प्रहरी कार्यालय बागलुङले बिहिवार सवारी चालक तथा सहचालकहरुलाई ट्राफिक नियम सम्बन्धी प्रशिक्षण दिएको छ ।

बागलुङ नगरपालिकाका वडां नं. ३ चिप्लेरी बसर्पाकमा जिल्ला ट्राफिक प्रहरी कार्यालयका कार्यालय प्रमुख प्रहरी बरिष्ट नायव निरीक्षक मिन बहादुर खड्का सहितको टोलीले सवारी चालक र सहचालकलाई सडक अनुशासन तथा सवारी दुर्घटना न्युनिकरण सम्बन्धी प्रशिक्षण दिनुभएको थियो ।

प्रशिक्षण कार्यक्रममा बोल्दै बागलुङ नगरपालिकाका वडा नं. ३ का वडा अध्यक्ष सनी केसीले ट्राफिक कार्यालयले ट्राफिक सप्ताहको आयोजना गरेर सडक दुर्घटना न्यूनिकरणको लागि महत्वपूर्ण सुरुवात गरेको बताउनुभयो ।

कार्यक्रममा धवलागिरी अञ्चल यातायात सेवा प्रा. लि. का अध्यक्ष बलराम सापकोटा, गौरीधाम यातायात सेवा प्रा. लि.का अध्यक्ष युवराज वि.क. र जिल्ला प्रहरी कार्यालयका प्रमुख निरिक्षक वसन्त कुमार भुजेलले शुभकामना मन्तव्य राख्नुभएको थियो ।

कार्यक्रमको अवसरमा लामोदुरीका तथा छोटो दुरीमा चल्ने बस, अटोरिक्साहरुमा ट्राफिक नियमसम्बन्धी स्टिकर टासिएको थियो ।

यस्तै सप्ताहको अवसरमा बागलुङ नगरपालिका-१ रामरेखामा रहेको कालिका भगवती मन्दिर गेट अगाडी सवारी तिब्र गती नियन्त्रण, ओभरटेक, भाडा अनुगमन गरिएको थियोभने चालक र परिचालकहरुलाई पोशाक वितरण गरिएको जिल्ला ट्राफिक प्रहरी कार्यालयका कार्यालय प्रमुख खड्काले जानकारी दिनुभयो ।

## बाँझो..................

योजना छ । आफ्नो बारीमा लगाउन चाहने कृषकलाई पालिकाले ५० प्रतिशत अनुदानमा विरुवा उपलब्ध गराईदिन्छ ।'

तमानखोलाको हावापानी अमिलो र फलफुल उत्पादन हुने सम्भावना देखिएको विज्ञको सल्लाहमा गाउँपालिकाले फलफूल खेती गर्न कृषकलाई प्रोत्साहित गरेको प्राविधिक पराजुलीले बताउनुभयो । उहाँले तमानखोलामा कृषकले दुई वर्ष पहिले लगाएको स्याउको विरुवा हुर्किसकेको र एक/वर्षमा उत्पादन दिन सक्ने देखिएकोले पालिकाले फलफूल खेतीलाई प्रोत्साहित गर्न लागेको बताउनुभयो ।

## काठेखोलाबाटै.....

पासपोर्ट साइजको फोटो, पारिवारिक विवरण, बैंक खाता, व्यक्तिगत इमेल, सम्पर्क नम्बर, रोजगारदाताले दिएको सम्झौतापत्र, राहदानीको प्रतिलिपीसहित नगरपालिकाको रोजगार सेवा केन्द्रमा निःशुल्क अनलाइन आवेदन दिन सकिने गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत गौतमले बताए ।

'श्रम स्वीकृति लिँदा तिर्नुपर्ने शुल्क बुझाउन बैंकिङ प्रणालीमा केही समस्या छ, अरु सबै काम अनलाइनबाट हुने भएकाले सहज हिसाबले काम भैरहेको छ' गौतमले भन्नुभयो । वैदेशिक रोजगार कल्याणकारी कोष, सामाजिक सुरक्षा कोष र बीमा रकमबापत तिर्नुपर्ने शुल्क तोकिएको बैंक खातामा दाखिला गरेपछि श्रम स्वीकृतिका लागि प्रक्रिया अगाडि बढ्ने उहाँको भनाई थियो ।

श्रम स्वीकृतिसम्बन्धी अन्य जानकारी स्थानीय तहको रोजगार सेवा केन्द्रमार्फत पनि बुझ्न सकिने गाउँपालिकाले जनाएको छ । यसअघि श्रम स्वीकृति लिन काठमाडौं जानुपर्ने बाध्यता रहे तापनि अहिले आफ्नै पालिकाबाट सेवा पाउँदा स्थानीयहरुलाई सहज भएको छ ।

**चट्याङबाट आफू बचौं र अरुलाई पनि बचाऔं**

**चट्याङ पर्ने संभावना भएको बेला**

**घरबाहिर हुनुहुन्छ भने,**
- अग्लो र एक्लो रुखमुनि नबस्ने,
- पौडिने, माछा मार्ने तथा र्‍याफ्टिङजस्ता क्रियाकलाप नगर्ने,
- खुल्ला मैदानमा नबस्ने,
- धातुबाट बनेका तारबार नजिक नबस्ने,

**घरभित्र हुनुहुन्छ भने,**
- विद्युतीय सामग्रीहरु जस्तै टीभी, कम्प्यूटर, फ्रिज, वासिङ मेसिन, मोवाइल फोन नजिक नबस्ने र प्रयोग नगर्ने,
- तारसहितको टेलिफोन (ल्याण्डलाईन) प्रयोग नगर्ने,
- घरबाट बाहिर ननिस्किने,
- धारामा नुहाउने, लुगा धुने र भाँडा माझ्ने काम नगर्ने ।

नेपाल सरकार
विज्ञापन बोर्ड

**उपभोक्ताले ध्यान दिनुपर्ने कुराहरु**

- मूल्यसूची वा वस्तुको लेबलमा अंकित मूल्य हेरी सामान खरिद गरौं ।
- आफूले खरिद गर्न लागेको वस्तुमा नापतौल उल्लेख छ/छैन र खुल्ला वस्तु भए मूल्यसूची हेरेर मात्र खरिद गरौं ।
- आफूले खरिद गर्न लागेको वस्तुको गुणस्तरमा ध्यान दिऔं ।
- व्यवसाय दर्ता गरेको व्यवसायीसँग मात्र सामान खरिद गर्ने बानी बसालौं ।
- वस्तुको उपभोग्य मितिहेरी खरिद गरौं र उपभोग्य मिति गुज्रेका (म्याद नाघेको) सामाग्री खरिद नगरौं ।
- सामान खरिद गर्दा बिल लिने बानी बसालौं ।
- मूल्य, तौल र गुणस्तरबाट ठगिएमा सम्बन्धित घरेलु तथा साना उद्योग कार्यालय वा उद्योग, वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय वा मन्त्रालयमा खबर गरौं ।

गण्डकी प्रदेश सरकार
**आन्तरिक मामिला तथा कानून मन्त्रालय**
पोखरा, नेपाल
फोन नं.: ०६१-४६७७३२/४६७७३३